
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## देउमाई नगरपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

देउमाई नगरपालिका

इलाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

देउमाई नगरपालिका

इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ ,प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता ,मितव्ययिता ,कार्यदक्षता ,प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली ,आन्तरिक आय परिचालन ,जनशक्ति व्यवस्थापन ,जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन ,विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता ,कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय ,जनशक्ति ,स्रोतको उपलव्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको ,कानुनको पूर्ण परिपालना हुन नसकेको ,बजेट अनुशासन कमजोर रहेको ,आन्तरिक आय न्यून रहेको ,प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको ,एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको ,निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको ,जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको ,स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको ,आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा ,स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**तोयम राया**

जेठ, २०८१ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## अनामनगर/बबरमहल ,काठमाडौं ,नेपाल
### प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश


मितिः२०८१।०२।१३

प.सं .२०८०।८१

च.नं. १६७

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुख ज्यू,
देउमाई नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय,
इलाम ।

१. **कैफियतसहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण ,त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा ,यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार —**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड २३ लाख ६९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. ७० लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु नियमित गर्नुपर्ने रू. २ करोड २१ लाख ३५ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३१ लाख ६० हजार समेत रू. २ करोड ५२ लाख ९६ हजार रहेको छ । यस नगरपालिकाको गत वर्षसम्म रू. ६ करोड १३ लाख ९१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. ३ करोड ४९ लाख ३७ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गमादर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने देउमाई नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिताअनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** -ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती )Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी देउमाई नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी —** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# देउमाई नगरपालिका

इलाम जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्ति | लगती | | | | | | | | |
| ५३ | ५० | ३२३६९ | ० | ३३ | ७०७१ | ५३ | १७ | २५२९६ | ० | २२१३५ | ३१६० | ० | ० | २५२९६ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ६१३९१ | ० | ५१७५० | ९६४१ | ० | २५२९६ | ३४९३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८०(चालु वर्षको) | | | |
| १ | ०७९।८० | विभिन्न दफाहरु | | ७०७२८५२/- |
| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
| २ | ०७६।७७ | विभिन्न दफाहरु | प्ररम्भिक प्रतिवेदनमा उल्लेख | १५५५९२२२/- |
| ३ | ०७७।७८ | विभिन्न दफाहरु | प्ररम्भिक प्रतिवेदनमा उल्लेख | १५३३६३२३/- |
| ४ | ०७८।७९ | विभिन्न दफाहरु | प्ररम्भिक प्रतिवेदनमा उल्लेख | २०८५४३६९/- |
| | | | विगत वर्षको जम्मा | ५१७४९९१४/- |
| | | | कुल जम्मा | ५८८२२७६६/- |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ

# परिचय

१ **परिचय-**

**(क) देउमाई नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, १९१.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१५३१ जनसंख्या रहेको छ। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय — व्ययतर्फ रु.१,५१,४९,५८,५७७/६५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **नगर शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १४ विद्यालयका ३४ शिक्षकलाई राजश्व बाँडफाँड शिर्षकवाट रु. ७०७४०००।०० तथा आन्तरिक श्रोतवाट रु.१८६२१६६।०० गरी कुल रु.८९५६१६६।०० तलब भत्ता अनुदान दिएको पाईयो । यसरी दरवन्दी तथा राहत कोटा प्राप्त नगरेका विद्यालयलाई अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था भएता पनि उक्त कोटा प्राप्त विद्यालयमा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरी शिक्षकको तलवभत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत देखिएन । ऐन, नियममा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३ **सुत्केरी स्याहार तथा बालपोषण भत्ता -** पालिकाले देउमाई नगरपालिका सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यविधि, २०७७ तयार गरी कार्यपालिकावाट मिति २०७७।१।३ मा तथा नगरसभावाट मिति २०७७।३।१० मा स्वीकृत गरेको पाइयो । कार्यविधिको बुँदा नं ५ मा सुत्केरी स्याहार तथा बालपोषण भत्ता बापत सुत्केरी महिलालाई रु.५०००।०० उपलब्ध गराइने उल्लेख छ भने बुँदा नं ६ मा दोस्रो पटकको सुत्केरी तथा दुईवटा बच्चा भएसम्म मात्र सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस वर्ष सुत्केरी शिशु पोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत रु.१५६००००।०० खर्च गरेकोमा भत्ता संलग्न कागजातमा कार्यविधिमा उल्लेख भए बमोजिम कतिऔं पटकको सुत्केरी हो वा कतिऔं बच्चा हो भनी स्पष्ट खुलाएको पाइएन भने वडाको सिफारिसमा समेत निजको वच्चा जन्मिएको कुरा मात्र उल्लेख गरेको पाइयो भने कतिऔं वच्चा हो उल्लेख गरेको पाइएन । यसरी कार्यविधिमा दुईवटा वच्चा भएसम्म मात्र सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले पालिकाभरीमा वर्षभरी सुत्केरी हुने सम्पूर्ण सुत्केरीलाई सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराएको पाइयो । कार्यविधिमा भएको व्यवस्थाको परिपालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय विवरणको यथार्थता -** वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२९२७०२६७.०, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम रु.२००००००.० र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु.२७९०४०००.० समेत गरी रु.१७७१७४२६७.० सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था

गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.११८७१३९.०, यस वर्षको प्राप्ति रु. १७५८५९५४०.४७ यस वर्षको भुक्तानी रु.१७५८५९५३९.५९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ९१३५५६६४.२२ | ६५२०३१८७९.४१ | ६४७४६५२१८.६७ | ९५९२२३२४.९६ |
| एकीकृत आर्थिक विवरण अनुसार | ९२५४२८०३.२२ | ८२७८९१४१९. | ८२४५११८९८.१४ | ९५९२२३२४.९६ |
| फरक | ११८७१३९. | १७५८५९५३९.५९ | १७७०४६६७९.४७ | ० |

सैद्धान्तिक बेरुजु

६ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगित विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु.हजारमा)

| क्र.सं | बजेट उपशीर्षक | बजेट | खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुंजीगत खर्च तर्फ | ३०५७२३ | २१५४१३ | २५६९० | ३६४०९ | ३६०८७ | ११७२२७ | ७७३०३ |
| | प्रतिशत | १०० | ७०.४६ | ८.४ | ११.०९ | ११.०८ | ३८.३४ | २५.२८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च तर्फ बार्षिक रु.३० करोड ५७ लाख २३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ५६ लाख ९० हजार अर्थात ८.४० प्रतिशत, दोस्रो त्रैमासिकमा रु.३ करोड ६४ लाख ९

हजार अर्थात ११.०९ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.३ करोड ६० लाख ८७ हजार अर्थात ११.०८ प्रतिशत र चौथो त्रैमासिकमा रु.११ करोड ७२ लाख २७ हजार अर्थात ३८.३४ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.७ करोड ७३ लाख ३ हजार अर्थात २५.२८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको हुँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ। स्वीकृत कार्यक्रमअनुसार त्रैमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२,५९,०३,४१९/- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **योजनाको प्राथमिकीरण -** जनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ८८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४६ | ११ | २० | १५ |
| २. | वडा स्तरीय | ४२ | ० | १४ | २८ |

उपर्युक्त विवरण अनुसार पालिकाले वस्तुनिष्ठ तवरले प्राथिमिकरण र छनौट गरी योजना बनाउनुपर्नेमा नगरस्तरिय योजना ९ वटा वडामा समेत योजनाको नाम नखुलाई प्रत्येक वडामा १-१ वटा योजना भनी रकम विनियोजन गरेको(सुत्रमा प्रविष्ठि भएको विवरण अनुसार)मा उक्त विनियोजन रकमबाट ४६ वटा नगरस्तरिय योजना र ४२ वटा वडा स्तरीय योजनामा खर्च गरेको देखिन्छ। पालिकामा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका ८८ उल्लेखित योजना मध्ये ६१ योजनामात्र कार्यान्वयन भई २७ योजना कार्यान्वयन हुन सकेको देखिएन। २० लाख भन्दा माथिको योजना संख्या केवल ११ वटा मात्र भएकोले वितरणमुखी स-साना योजनामा धेरै संख्यामा बनाई बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ। तसर्थः पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले २०७९।३।१० मा रु.७७ करोड २६ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

११ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम

तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएता पनि समयसीमा भित्र कार्य गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १११६८४७९९ | ८९३८५०७५.२४ | ८०.०३ |
| २ | पूर्वाधार विकास | १६८११०००० | १०८१७७३९२.११ | ६४.३४ |
| ३ | सामाजिक विकास | ३५५४२४००० | ३०६२२२१४२.१३ | ८६.१५ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २८२२७००० | १७४९१३५२.५७ | ६०.६७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४१३३५००० | ११०५४१९९७.९५ | ७८.२१ |

| | | | |
|---|---|---|---|
| जम्मा | ८०५३८०७९९. | ६३१८१७९६०. | ७८.४५ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८६.१५ प्रतशित र आर्थिक विकासमा सबै भन्दा घटीमा ६०.६७ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

१५ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२२ करोड १० लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय रु.३ करोड ७३ लाख रहेकोमा पालिकाले यस वर्ष विविध तर्फ रु.१८ लाख ३२ हजार खर्च गरेको पाईयो। जुन आन्तरिक आयको ४.८९ प्रतिशत देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५ हजार देखि रु.१० हजार सम्म कुल रु.३ लाख आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत ३८ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.९ लाख ४० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा

लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१९ **सेवा प्रवाह -** सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। पालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ।

¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको,

¬ पालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने,

¬ वडा कार्यालय समेतमा नागरिक वडापत्र नराखेको।

¬ स्वास्थ्य संस्था नियमन नगरेको

¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको ।

¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको।

पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको।

सैद्धान्तिक बेरुजु

२० **कर तथा शुल्क असुली -** कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४१२६०००.० | ८२५७०५५.५१ | २००.१२ |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | १८००००.० | ३८७०६५.० | २.१५ |
| व्यवसाय कर | ४४००००.० | २४२७२५.० | ५५.१६ |
| वहाल बिटौरी शुल्क | १४२००००.० | १३६२०२२.२१ | ९५.९१ |
| जम्मा | ६१६६०००.० | १०२४८८६७.७ | १६६.२१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७४२७८०००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३७३९०२२७.६२ अर्थात अनुमान भन्दा ४९.६६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२२ **आय अनुमान -** आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४१४२०६४५.२३ | ३७३९०२२७.६२ | ६.९० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.९० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२३ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको

पर्यावरणलाई स्वच्छ राखुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ वटा र यो बर्ष थप भएको ३० वटा गरी कुल ३४ वटा विवाद दर्ता भएकोमा २४ वटा मात्र फछ्र्यौट भई १० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका कार्यक्रमम २ निर्माण व्यवसायीलाई रु.४५६९०००.० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र.स. | पेश्कीकोविवरण | निर्माणव्यवसायीको नाम | पेश्कीरकम |
|---|---|---|---|
| १ | नगरपालिका प्रशासकिय भवन निर्माण समपुरक कोष | कबिन्द्र/नव सिर्जनशिल जे.भी. | ३०,६९,०००.०० |
| २ | गैर आवासीय भवन निर्माण/खरिद | कबिन्द्र/नव सिर्जनशिल जे.भी. | १५,००,०००.०० |
| | | जम्मा | ४५,६९,०००.०० |

सैद्धान्तिक बेरुजु

२६ **भुक्तानी वाँकीको कच्चावारी वेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 39(13) मा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नर्पने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार स्थानीय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्दछ । पालिकाले गो भौ नं ६।२०७९।५।२४ वाट पदाधिकारीको गत आ.व. को जेठ र आषाढ महिनाको पदाधिकारी सुविधा वापतको रु.१४४६२५८।०६ भुक्तानी गरेकोमा सो को भुक्तानी वाँकीको कच्चावारी प्रमाणित गरी राखेको पाइएन । यसरी नियमावलीमा भएको व्यवस्था विपरित भुक्तानी वाँकीको कच्चावारी वेगर गत आ.व. को भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,४६,२५८ |

२७ **आन्तरिक लेखापरीक्षण वेरुजू** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमाआन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ। सोही ऐनको दफा ३३(८) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणवाट देखिएका निम्नानुसारका व्यहोरा असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

२७.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टयाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेकमा कार्यालयले गो.भौ.न. ६४३/२०८०/०३/२३ बाट देउमाई न.पा. ३ बस्ने निरोज ढकाललाई काबेली करिडोरबाट तार ढुवानी गरे बापत प्रति ट्रिफर रु. २२०००/० को दरले ३ पटकको जम्मा रकम रु.६६,०००/० भुक्तानी गरिएकोमा सो को अन्य प्रमाणित पुष्टयाई हुने कागजात पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,००० |

२७.२ ~~

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. ७,२४८।- सम्परीक्षण गरिएको ।)*

२८ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५१ जना कर्मचारीहरु करारमा राखी करार सेवा शुल्कमा रु.१,८९,२२,०००/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित तथा स्वास्थ्य एवं विभिन्न कार्यक्रमतर्फ वाहेक इन्जिनियर १, सहायक पाँचौ ३, सहायक चौथो १५ गरी विभिन्न पदमा १९ जना करार कर्मचारी नियुक्त गरी बर्षभरीमा रु.७७२६४३८।०० भुक्तानी गरेको पाइयो । कार्यबोझको आधारमा O&M गरी कानुन बमोजिम पारदर्शी हिसाबले मात्र कर्मचारी नियुक्ती गर्नुपर्नेमा ऐन नियम विपरित कर्मचारी नियुक्ति गर्नु नियमसम्मत देखिएन। स्वीकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ती गर करार सेवामा कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **छुर्पी प्रवर्द्धन कार्यक्रम -** छुर्पी प्रवर्द्धन कार्यक्रमको लागि रु.१९७००००.० विनियोजन भएकोमा रु.१९६२१४०.० खर्च लेखेको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

२९.१ मिल्क सेपरटर तथा फ्रिज खरिदः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र एउटै प्रकृतिका खरिदकार्य गर्दा सम्भव भएसम्म एउटै प्याकेज बनाउनुपर्ने र नियम ८५ मा रु.१० लाख रुपैयासम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा दफा ८४ मा रु.२० लाख रुपैयासम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले छुर्पी प्रवर्द्धन कार्यक्रम अन्तर्गत आवश्यक पर्ने सामाग्री खरिद कार्यको लागि बार्षिक खरिद योजना नबनाएको, लागत अनुमान तयार नगरेको तथा एउटै प्रकृतिका मालसामानलाई टुक्रा बनाई खरिदबापत देहायका भौचरबाट निम्नानुसार सामाग्री खरिदको रु.१९३०५९९.० भुक्तानी दिएको नियमसम्मत नदिएको रु..

| भौ.न./मिति | सप्लार्यसको नाम | सामाग्री | भुक्तानी रकम |
|---|---|---|---|
| २७५-०८०।२।३२ | जनसेवा मल्टी ईन्भेष्टमेन्ट प्रा.लि. | क्रिम सेपरेटर- ७ थान | ९३६६००.० |
| ३०६-०८०।३।१७ | शशांक इलेक्ट्रोनिक्स उर्लावारी | चेष्ठ फ्रिज- १४ थान | ९९३९९९.० |
| | | **जम्मा** | **१९३०५९९.०** |

| | |
|---|---|
| अनियमित भएको | १९,३०,५९९ |

२९.२ **अनुगमन तथा प्रगति प्रतिवेदनः** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ को दफा १२ मा कार्यक्रमको अनुगमन स्थानीय तहले गर्ने दफा १३ मा सम्बन्धित कार्यालयले अनुसूची-७ बमोजिम अर्धबार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा तयार गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले छुर्पी प्रवर्द्धन कार्यक्रमको प्रविधि प्रसार अन्तर्गत प्रस्तावना माग गरि १४ जना कृषकलाई क्रिम सेपरेटर, डि फ्रिज १-१थान २० प्रतिशत लागत सहभागितामा वितरण गरेको देखियो। उक्त प्रतिधि वितरण पश्चात सम्बन्धित शाखा तथा पालिकाले अनुगमन तथा प्रगति प्रतिवेदन गरेको नदेखिएको वितरण भएको प्रविधिको सहि प्रयोग भए नभएको सम्बन्धमा एकिन हुन सकिएन। तसर्थः पालिकाले अनुगमन गरि उक्त प्रविधिको सहि प्रयोग भए नभएको र सम्बन्धित लाभग्राही कृषकले उक्त प्रविधिको प्रयोगबाट के कति लाभ पाईरहेको सो सम्बन्धमा अनुगमन तथा प्रगति प्रतिवेदन पेश हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **अलैची पकेट विकास कार्यक्रम -** आ.व.२०७९।८० मा स्थापना भएको नयाँ अलैची पकेट विकास कार्यक्रम संचालन अन्तर्गत रु.१२०००००.० विनियोजन भएकोमा उक्त कार्यक्रम संचालनबापत रु.१२०००००.० भुक्तानी भएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

३०.१ पकेट विकास कार्यक्रमबाट अन्य सामाग्री खरिदः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रमको लागि विनियोजित बजेट सोही प्रयोजनको लागि मात्र खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छ। तर पालिकाले देहायका भौचरबाट निम्नानुसार फर्निचर तथा सवारी साधन खरिद बापत रु.३९२६१५.० खर्च लेखेको नियमसम्मत नदेखिएको रु...

| भौ.न./मिति | भुक्तानी पाउनेको नाम | बापत | भुक्तानी रकम |
|---|---|---|---|
| ३४९-०८०।३।२३ | गौरव फर्निसिङ सेन्टर | फर्निचर खरिद (दराज, कुर्सी, अफिस टेवुल) | ६२७१५.० |
| ३५६-०८०।३।२३ | पाथिभरा अटो प्यालेस | मोटरसाईकल १ थान | ३२९९००.० |
| | | **जम्मा** | **३९२६१५.०** |

| | |
|---|---|
| अनियमित भएको | ३,९२,६१५ |

३०.२

**अनुगमन प्रतिवेदन- ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रु.८,०१,९१३ ।- सम्परीक्षण गरिएको ।)**

३१ **खायन आलु उत्पादन कार्यक्रम** - खायन आलु उत्पादन कार्यक्रमको लागि रु.१५२००००.० विनियोजन भएकोमा रु.१५,२०,०००/- नै खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

३१.१

**कार्यसम्पन्न प्रतिवेदन- ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रु.१,२५,९८० ।- सम्परीक्षण गरिएको ।)**

३१.२ **अनुगमन प्रतिवेदनः** कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७८ यस कार्यविधि अन्तरगत संचालन भएका कार्यक्रमहरुको स्थानीय तहको सम्बन्धीत शाखाले निरन्तर अनुगमन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। ५० प्रतिशत लागत साझेदारीमा खायन आलु उत्पादन कार्यक्रम संचालनको लागि ६ वटा कृषक समूहलाई प्रति समुह आलुको विउ, सिचाई पाईप तथा मिनिटिलर वितरण बापत जम्मा रु.१५२००००.० भुक्तानी गरेको देखियो। आलु खेती प्रर्वद्धनका कार्यक्रम अन्तर्गत विगत वर्षमा समेत उक्त कार्यक्रम संचालन भएको र सो समयमा समेत कृषि सामाग्री खरिद तथा वितरण भएको, उक्त कृषि सामाग्री हाल कस्तो अवस्थामा रहेको, वितरण गरेको सामाग्री प्रयोगबाट आलु उत्पादनमा के कति वृद्धि भएको, कृषकहरुको जिवनस्तरमा के कस्तो परिवर्तन भएको छ सो को अनुगमन गरि प्रतिवेदन पेश नगरी पुनः कृषि सामाग्री तथा विउ खरिद गरी वितरण गरेको भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएकोले कृषि शाखाबाट उक्त पकेट क्षेत्रको अनुगमन गरि विगत र यस वर्ष खरिद गरि वितरण गरेका कृषि सामाग्री तथा उपकरणहरुको प्रयोग र हालको के कस्तो अवस्थामा रहेको छ सो को अनुमगन प्रतिवेदन पेश हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **विल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकले गो भौ नं

६५९।२०८०।३।२४ वाट इलाका प्रहरी कार्यालय मंगलवारेलाई 3KVA, 48 V UPS खरिद वापतको रकम इलाम कम्प्युटर सप्लायर्स ट्रेड एण्ड मर्मत सेन्टरलाई रु.६०९०७।०० भुक्तानी गरेकोमा संलग्न कागजातमा खरिद सामग्री हस्तान्तरण गरिएको सामग्री इलाका प्रहरी कार्यालयमा दाखिला भएको दाखिला प्रतिवेदन संलग्न गरेको पाइएन । अतः उक्त युपिएस दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,९०७ |

३३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान, रु.२५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान त्यस्तो मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राथिमक स्वास्थ्य केन्द्र संचालनको लागि निम्नानुसारका खर्च शिर्षक र मितिवाट औषधि, औषधिजन्य सामग्री, किट केमिकल्स लगायत विभिन्न सामग्री खरिद गर्दा वार्षिक खरिद योजना वनाई वोलपत्रको माध्यमवाट एकमुष्ट खरिद गर्नुपर्नेमा सो नगरी विभिन्न आपूर्तकवाट कोटेशनको माध्यमवाट रु.८८२९४९६।०० वरावरको सामग्री खरिद गरेको देखियो । यस सम्वन्धमा वीमा वापतको रकम पटक-पटक सोधभर्नाको लागि पेश हुने र बजेट समेत पटक-पटक आएकोले वोलपत्र हुन नसकेको पालिकाको भनाई रहेको छ । यसरी खरिद ऐन, नियममा भएको व्यवस्था विपरित सोझै खरिद गरेको नियमसम्मत नदेखिएकोले आगामी वर्षहरुमा यस्ता खरिद कार्य गर्दा कानुनको पालना गर्नुपर्ने देखिन्छ।

| **खर्च शिर्षक** | **गो भौ नं मिति** | **विवरण** | **फर्म संख्या** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| विविध | ३।२०७९।८।१९ | औषधि खरिद | ५ | २०८४७९० |
| | ७।२०७९।११।२८ | औषधि खरिद | ६ | २११३७९६ |
| | १३।२०८०।२।३१ | औषधि खरिद | ६ | १८९३४४० |
| न पा चालु | ४०।२०७९।६।२ | औषधि खरिद | ४ | १८३६३५६ |
| न पा चालु | ४८७।२०८०।२।१६ | औषधि खरिद | १ | ९०१११४ |
| जम्मा | | | | ८८२९४९६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **काउम्याट खरिद तथा वितरण** - पालिकाले कृषकहरुलाई काउम्याट खरिद तथा वितरण (४० प्रतिशत अनुदान) कार्यक्रम अन्तर्गत ५९ थान काउम्याट खरिद तथा वितरण वापत गो भौ नं ४३१।२०८०।१।६ वाट रु.४७१९९९।०० खर्च लेखेको पाइयो । पालिकाले अनुदान कार्यक्रम संचालन गर्दा पारदर्शी तवरले सूचना प्रकाशन गरी लाभग्राहीवाट निवेदन माग

गरी निश्चित मापदण्ड वनाई सोहो मापदण्डका आधारमा लाभग्राही छनौट गर्नुपर्नेमा पालिकाले सो नगरी लाभग्राहीवाट प्राप्त निवेदनमा नगर प्रमुखको तोक आदेशका भरमा लाभग्राही छनौट गरेको पाइयो । यसरी छनौटको निश्चित मापदण्ड वेगर तोक आदेशको भरमा अनुदान वितरण गर्दा पारदर्शी रुपमा वितरण भयो भनी आश्वस्त हुन सकिएन । साथै यस किसिमको कार्यवाट वास्तविक रुपमा लाभ प्राप्त गर्नुपर्ने लाभग्राहीले लाभ प्राप्त गर्ने अवस्था रहँदैन । तसर्थ पालिकाले यस किसिमका कार्यक्रम संचालन गर्दा निश्चित मापदण्ड वनाई सोही मापदण्डका आधारमा लाभग्राही छनौट गरी कार्यक्रमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **नन फाइलर -** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर निर्माण व्यवसायिले विवरण भरी अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न कार्य वापत मुल्य अभिवृद्धिकर भुक्तानी गरेको निम्न सप्लायर्सको लेखापरीक्षण अवधीसम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण समेत नबुझाई ननफाइलर भएको पाइएकोले उक्त व्यवसायी/सप्लार्यसलाई भुक्तानी गरेको रु.६३७८७.० मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.......

| गो.भौ.नं/मिति | व्यवसायी/सप्लायर्स | पान नम्बर | भुक्तानी रु. | मु.अ.कर | ननफाईलर मिति |
|---|---|---|---|---|---|
| ३२१-०८०।३।१९ | इलाम एफ एम ९३ मेगाहर्ज | ३०२४११२१२ | ९०४०० | १०४०० | २०८०।M।१ |
| न.पा.पुँजिगत तर्फ | | | | | |
| २६०-०८०।३।२३ | रिवन बराईली कन्स्ट्रक्सन प्रा.लि. | ६०६६४९३८६ | ४६४०५७ | ५३३८७ | २०७९ ।M।११ |
| | | | जम्मा | ६३७८७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,७८७ |

३६ **लघु उद्यम विकास कार्यक्रम -** लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.३० लाख विनियोजन भएकोमा रु.३० लाख नै खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

३६.१ **लघु उद्यम विकास कार्यक्रमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले सीप विकास तालिम (गाईपालन, सिलाई कटाई तथा व्यूटिसियन लगायतका) मा रु.१३,१३,२८०/- खर्च गरेको छ। पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.१३१३२८०/- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १३,१३,२८० |

३६.२

**लागत सहभागिताः** ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१३४,०००।-सम्परीक्षण गरिएको ।)

३६.३ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.६७००००.० को सिलाई मेसिन लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७

**कार्यसम्पादन करारका आधारमा प्रोत्साहन अनुदान - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२००,०००।-सम्परीक्षण गरिएको ।)**

३८ **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को उप क्रियाकलाप नं १५.२ शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्द्धनबाट खर्च हुनुपर्नेमा उपक्रियाकलाप नं १५.३ विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगअन्तर्गत भौ.न.२५७-०८०।२।१९बाट पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको अनुगमन सुपरिवेक्षणबापतको रकम खेम प्रसाद भट्टराईलाई रु.१०७३१०.० भुक्तानी भएको देखिएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १,०७,३१० |

३९ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले लागत अनुमान तयार नगरी विनियोजित रकमलाई नै आधार मानी अंकुर डाईगोनिस्टिक सर्जिकल सेन्टर विराटनगरबाट (भौ.न.१७६-०७९।११।२ मा) १०७९२ थान स्यानिटरी प्याड रु.९९९९८६.० (मु अ कर समेत) र दोस्रो पटक असल हाईजिन प्रोडक्सन प्रा.लि.लोकन्थलीबाट (भौ.न.३२७-०८०।३।२० मा) ५३९६ थान स्यानीटरी प्याड रु.४९९९९३.० समेत रु.१४९९९७९.० मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको भरपाई पेश भएको देखियो। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **विद्यालयगत निकासा खाता -** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४१

**अनुगमन प्रतिवेदन - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.३०,००,०००।- सम्परीक्षण गरिएको ।)**

४२ **शिक्षक दरबन्दी र पदपूर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । स्वीकृत शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलगन छ ।)**

४३ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका ५० विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.२२५५७६७.० बैशाख महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी असार महिनामा थप रु.४४०३८२.० निकासा सहित जम्मा रु.२६९६१४९.० अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.२६९६१४९.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **कामजमा रहेको शिक्षा अधिकृतलाई तलब भत्ता भुक्तानी** - पालिकाको शिक्षा शाखामा समायोजन भएका शिक्षा अधिकृत अ.छै. अम्बिका प्रसाद खनाल समायोजना पश्चात शिक्षा समन्वय ईकाई इलाममा काजमा रहेको पाईयो। निजलाई बर्षभरिको तलबभत्ता बापत रु.६९७२०६.० भुक्तानी भएको देखियो। शिक्षा शाखामा कर्मचारी अभाव रहेको भनि मा.वि.तृतीय रुपेन्द्र न्यौपाने, प्रा.वि.द्वितीय खेम प्रसाद भट्टराई, प्रा.वि.द्वितीय भक्त बहादुर कार्की र प्रा.वि.तृतीय भिमादेवी लुईटेल पोखेल समेत ४ जनालाई कामकाज गर्न लगाईएको देखिएकोले समायोजन भएका शिक्षा अधिकृतलाई अन्यत्र काजमा पठाई विद्यालयमा अध्यापन गराउनु पर्ने शिक्षकहरुलाई पालिकाको कामकाजमा खटाईएको नियमसम्मत नदेखिएकोले समायोजन भएका शिक्षा अधिकृतलाई पालिकामा नै कामकाजमा लगाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४५ **शिक्षकको अभिलेख** - शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

४६ **छात्रावृत्ति अनुदान**- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ५० वटा विद्यालयमा रु.६६१४००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **दिवाखाजा** - कार्यक्रमकार्यान्वयन पुस्तिका २०७९।८० कोक्रियाकलापनं.२.७.११.१ माउल्लेख भए अनुसार दिवाखाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवाखाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च

समितिका अध्यक्षबाट प्रमाणित गराई IEMIS को तथ्याङ्क सत्यापन गराई विद्यार्थी संख्या एकिन गरी निकासादिने र उक्त निकासा रकमको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गर्ने व्यवस्था उल्लेखछ। पालिकाले५० वटा विद्यालयलाई अधिकतम १९६ दिनसम्मको लागि रु.६४१९३१५.० निकासा गरेको छ। उक्त निकासा भएको रकमबाट सबै विद्यालयमा दिवा खाजा संचालन भए नभएको तथा उक्त रकमको सहि सदुपयोग विद्यालयले गरे नगरेको सो को अनुगमन प्रतिवेदन पेश भएको देखिएन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ। उक्त दिवा खाजा सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देखिएका थप व्यहोरा निम्न छनः

**दिवा खाजा बढी दिन संचालन -** ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.३९६४८।-सम्परीक्षण गरिएको ।)

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न स्थानमा बाटो सोलिङ गर्ने मर्मत सम्भार गर्ने योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ८९ दिनले ६८९५ दिन रोजगारी उपलव्ध गराई रु.३९७८४१५.० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

५० **सार्वजनिक सुनुवाई -** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा

कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी वन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

५२ **एम.आई.एस.प्रणाली** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५३

**अनुगमन प्रतिवेदन - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.८१,०००।- सम्परीक्षण गरिएको ।)**

५४

**विल भरपाई - - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४५,९०३।- सम्परीक्षण गरिएको ।)**

५५

**भुक्तानीमा करकट्टी - - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१,७००।- सम्परीक्षण गरिएको ।)**

५६ **खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान -** खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान अन्तर्गत रु.१०००००००.० बजेट विनियोजन भएकोमा रु.१०००००००.० खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न

छनः

५६.१ **अन्य खरिदः** खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदानबापतको रकम बाट खाद्य बालिको विउ खरिद गर्नुपर्नेमा देहायका भौचरबाट तरकारीको विउ खरिदबापत निम्नानुसारका सप्लायर्सलाई रु.४१९५६०.० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु...

| **भौ.न./मिति** | **सप्लार्यसको नाम** | **तरकारी** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १३७-०७९।९।१ | न्यू माइपोखरी एग्रोभेट | धनिया,मूला, प्याज, रायो- ४०० प्याकेट | १५००००.० |
| २०७-०७९।१२।१६ | न्यू कृषि विज भण्डार | करेला को विउ- १६ प्याकेट, च्याउको विउ | २६९५६०.० |
| | | जम्मा | ४१९५६०.० |

| | |
|---|---|
| अनियमित भएको | ४,१९,५६० |

५६.२

**घटी लागतसहभागिता- ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।२६ को निर्णयबाट रु.६६७७७।- सम्परीक्षण गरिएको ।)**

५७ **किसान सूचिकरण कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ। किसान सूचिकरण कार्यक्रमको लागि विनियोजन भएको रकममध्ये भौ.न.२३८-०८०।३।२२ बाट इलाम कम्प्यूटर सप्लायर्स ट्रेर्ड एण्डलाई १ थान ल्यापटप खरिदबापत रु.९५९९९.० खर्च लेखेको नियमसम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ९५,९९९ |

५८ **औषधि खरिद-** पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी ड्रग ईन्टरनेशनल फार्मेसीलाई रु.८६३७२५.० र मेडीसेल्स ईन्टरनेशनललाई रु.३४६४१७.० समेत रु.१२१०१४२.० भुक्तानी दिएको पाईयो। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९

**यातायात भत्ता - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४२,४००।- सम्परीक्षण गरिएको ।)**

६०

**सामाजिक सुरक्षा कर कट्टी- ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१२५००।- सम्परीक्षण गरिएको ।)**

६१ **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम** पालिकाले नगर प्रमुख छात्रवृत्ति कोष संचालन कार्यविधि, २०७६ तयार गरी कार्यपालिकावाट २०७६।८।२७ तथा नगरसभावाट २०७७।३।१० मा स्वीकृत गरेको पाइयो । स्वीकृत कार्यविधि अनुसार विद्यार्थी छनौटका आधार अन्तर्गत आर्थिक रुपमा विपन्न, कमजोर भएको वडा समितिको सर्जमिन मुचुल्का सहितको सिफारिस पत्र लगायतका कुरा उल्लेख छ भने मूल्यांकनको मुख्य आधार आर्थिक विपन्नता र उपलब्धी मूल्यांकनलाई मानिने उल्लेख छ । साथै विद्यार्थी छनौटको लागि विद्यालयले कक्षागत विद्यार्थीमध्ये हरेक कक्षावाट १५ जना विद्यार्थी छात्रवृत्ति छनौटको लागि उल्लेखित आधार सहित सिफारिस गर्नुपर्ने र सो मध्ये ९ जना विद्यार्थीलाई नगर प्रमुख छात्रवृत्ति समितिले चौमासिक रुपमा छात्रवृत्तिको लागि छनौट गर्नेछ भन्ने उल्लेख छ । पालिकाले भानुभक्त मा.वि. मा प्राविधिक धारका कक्षा ९-१२ मा अध्ययनरत हरेक कक्षाका ९ जनाको दरले ३६ जना विद्यार्थीलाई वार्षिक रु.२५०००।०० को दरले गो भौ नं ५५७।२०८०।३।१५ वाट रु.९०००००।०० भुक्तानी दिएको पाइयो । विद्यालयले छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कार्यविधिमा उल्लेख भए अनुसार चौमासिक रुपमा छनौट गर्नुपर्नेमा सो गरेको पाइएन भने कक्षागत रुपमा १५ जना विद्यार्थी छनौट गरी नगर प्रमुख छात्रवृत्ति समिति समक्ष पेश गर्नुपर्नेमा सो नगरी कक्षागत रुपमा ९ जनाको दरले विद्यार्थी छनौट गरी समिति समक् सिफारिस गरेको तथा समितिले सोही संख्यामा विद्यार्थी छनौट गरेको पाइयो । यसरी कार्यविधिमा भएको व्यवस्था विपरित विद्यार्थी छनौट गरी छात्रवृत्ति वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

६२ **सुत्केरी स्याहार तथा बालपोषण भत्ता** - पालिकाले देउमाई नगरपालिका सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यविधि, २०७७ तयार गरी कार्यपालिकावाट मिति २०७७।१।३ मा तथा नगरसभावाट मिति २०७७।३।१० मा स्वीकृत गरेको पाइयो । कार्यविधिको बुँदा नं ५ मा सुत्केरी स्याहार तथा बालपोषण भत्ता बापत सुत्केरी महिलालाई रु.५०००।०० उपलब्ध गराइने उल्लेख छ भने बुँदा नं ६ मा दोस्रो पटकको सुत्केरी तथा दुईवटा बच्चा भएसम्म मात्र सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस वर्ष सुत्केरी शिशु पोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत रु.१५६००००।०० खर्च गरेकोमा भत्ता संलग्न कागजातमा कार्यविधिमा उल्लेख भए बमोजिम कतिऔं पटकको सुत्केरी हो वा कतिऔं बच्चा हो भनी स्पष्ट खुलाएको पाइएन भने वडाको सिफारिसमा समेत निजको वच्चा जन्मिएको कुरा मात्र उल्लेख गरेको पाइयो भने कतिऔं वच्चा हो उल्लेख गरेको पाइएन । यसरी कार्यविधिमा दुईवटा वच्चा भएसम्म मात्र सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले पालिकाभरीमा वर्षभरी

सुत्केरी हुने सम्पूर्ण सुत्केरीलाई सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराएको पाइयो । कार्यविधिमा भएको व्यवस्थाको परिपालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **थप कर्मचारी** - कोशी प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा जारी गरिएको अपांगता रोकथाम तथा पुनःर्स्थापना कार्यक्रम (संचालन) मार्गदर्शन, २०७७ मा मातृशिशु एवं वाल स्वास्थ्य प्रवर्द्धन गरी जन्मजात तथा जन्म पश्चात हुने अपाङ्गता न्यूनीकरण गर्ने उद्देश्यका साथ प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनको त्रिपक्षीय सहकार्यमा सहजकर्ताको परिचालन गरी तिन वर्षको खर्चको प्रतिशत निर्धारण गरी अपाङ्ग लक्षित कार्यक्रम शुचारु भएको पाइयो । यसरी करुणा फाउण्डेशनसँग सम्झौता भै उक्त सम्झौताको अवधि समाप्त भै सम्झौता वमोजिम करुणा फाउण्डेशनले थप एक वर्ष प्राविधिक सहायता समेत उपलब्ध गराएको देखियो । कार्यक्रमको उद्देश्य तथा द्विपक्षीय सम्झौता अनुसार अपाङ्गता भएको व्यक्तिको संख्याको आधारमा ३ वर्षको लागि सहजकर्ता परिचालन गर्ने तथा मार्गदर्शनमा तोकिए वमोजिमका कार्यक्रम संचालन गरी ३ वर्षको अवधिमा अपांगता भएका व्यक्तिहरुको संस्था, वाल क्लव, विभिन्न मिलिजुली समूह, स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविका, राजनैतिक दलहरु, वुद्धिजिवीहरुको स्थानीय समूह तथा समुदायलाई विभिन्न तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गरी सो पश्चात तिनीहरुकै माध्यमवाट अपाङ्गता न्युनीकरण गर्ने लक्ष्य राखेको देखिन्छ । तर पालिकाले सम्झौता वमोजिमको अवधि समाप्त भए पश्चात समेत कार्यरत ६ जना सहजकर्तालाई निरन्तरता दिई यस वर्ष तलव भत्ता वापत रु.१९०६०००।०० खर्च लेखेको देखियो । यसरी सम्झौता वमोजिमको कार्यक्रम सम्पन्न भए पश्चात समेत सहजकर्ता नियुक्त गरी वजेट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,०६,००० |

६४ **पालिकावाट थप सामाजिक सुरक्षा भत्ता** - नेपाल सरकारले जेष्ठ नागरिक, अपांग, एकल महिला, दलित वालवालिका लगायतका विभिन्न वर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको अवस्थामा यस पालिकाले एकल पुरुष, अपांगता पहेलो कार्ड, जेष्ठ नागरिक ७० वर्ष माथी पोशाक भत्ता तथा ४५ वर्ष माथीका अविवाहित महिला तथा पुरुषलाई मासिक भत्ता वापत रु.५८,११,०००।०० खर्च गरेको छ । संघीय सरकारले विभिन्न वर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको सन्दर्भमा पालिकाले छुट्टै सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भत्ता वितरण दोहोरो पर्न सक्ने सम्भावना रहन्छ । तसर्थ पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई दोहोरो नपर्ने गरी संचालन गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५

**वढी भुक्तानी - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१२,०००।- सम्परीक्षण गरिएको ।)**

६६ **क्याम्पसलाई अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक विद्यालय तहसम्म तलव तथा अन्य विद्यालय गतिविधिसंग

सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। नगरपालिकाले यस वर्ष मंगलबारे बहुमुखी क्याम्पसलाई प्राध्यापक तथा कर्मचारी सेवा सुविधा शिर्षकमा तलव भत्ता प्रयोजनको लागि रु.४३८६०००।०० अनुदान दिएको पाइयो। यसरी क्याम्पसले विद्यार्थीहरुवाट शिक्षण शुल्क उठाइरहेको तथा विश्वविद्यालय अनुदान आयोगवाट समेत अनुदान पाउने अवस्थामा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई तलव भत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,८६,००० |

६७

**सामान खरिद गरी मौज्दात राखेको - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४०६६४५।- सम्परीक्षण गरिएको ।)**

६८ **ठेक्का व्यवस्थापन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ३६ देखि ४९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.न | कार्यक्रमको नाम | ठेक्का न. | व्यवसायिको नाम | लागत अनुमान | सम्झौता रकम (भ्याट बाहेक) | घटी /बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Khandrung Ma. Bi School Building Construction | 01/DM/NCB/WORK/2079-080 | DEUMAI NIRMAN SEWA | १२५९५८६३.३७ | ८०७०३०६.३८ | ३५.९३ |
| २ | Khandrung School Toilet Construction | 01/DM/SQ/WORKS/2079-080 | ABC Nirman Sewa | १९२८५९०.०६ | १२३४६१२.४७ | ३५.९८ |
| ३ | Construction and upgrading of Deumai Watersupply Project | 05/DM/NCB/WORK/2079-080 | DEUMAI NIRMAN SEWA | ८४८३७०९.३९ | ५१८२५२४.८१ | ३८.९१ |
| ४ | Kirshi, Pashu Bazar Landscaping works | 04/DM/NCB/WORKS/2079-80 | Federal Construction Pvt.Ltd. | ७७३६२४२.५४ | ३९४९०३२.१७ | ४८.९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | Upgrading of Mildanda-Chachele tourism road | 02/DM/NCB/WORKS/2079-80 | Boki-Khanal J.V | २३३३०५६४.६७ | १३४८३७४५.०४ | ४२.२१ |

सैद्धान्तिक बेरुजु

६९

**नभएको कामको भुक्तानी - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२९७७०।- सम्परीक्षण गरिएको ।)**

७० **स्काभेटर प्रयोग गरी बाटो निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२), (क), (ख), (ग) मा खरिद कार्यको वास्तविक लागत बमोजिम प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही नियमावलीको नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट यस आ.व.०७९।८० भएका उपभोक्ता समितिबाट बाटो निर्माण कार्य मध्ये नमुना छनौट गरी स्रेस्ता परिक्षण गर्दा स्काभेटरको प्रयोग गरी बाटो निर्माण कार्यको बाटो खन्ने काम अन्तर्गत Hard soil, Hard rock & Soft soil को जति प्रतिशत लागत अनुमान रहेको छ कार्य सम्पन्न भएपश्चात प्राविधिक मूल्यांकन गर्दा नापि किताबमा सोही बमोजिम चढेकोले उक्त प्राविधिक मूल्यांकन सहि र यथार्थपरक छ भन्ने अवस्था नभएकोले पालिकाले लागत अनुमान बराबरको प्रतिशत मूल्यांकन गर्दा नापि किताबमा नचढाई बास्तविक कार्य भएको परिमाणको नापि किताब राख्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७१

**सामुदायिक सिकाई केन्द्र संचालन अनुदान - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.६००,००/- सम्परीक्षण गरिएको ।)**

७२

**विल भरपाई - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.५,००,०००/- सम्परीक्षण गरिएको ।)**

७३

**ईन्धन बापतको रकम बढी भुक्तानी - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४३,६६०।- सम्परीक्षण गरिएको ।)**

७४ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र एउटै प्रकृतिका

खरिदकार्य गर्दा सम्भव भएसम्म एउटै प्याकेज बनाउनुपर्ने र नियम ८५ मा रु.१० लाख रुपैयासम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा दफा ८४ मा रु.२० लाख रुपैयासम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले कृषकहरुको लागि आवश्यक पर्ने कृषि सामाग्री ६० प्रतिशत लागत साझेदारीमा खरिद कार्यको लागि बार्षिक खरिद योजना नबनाएको, लागत अनुमान तयार नगरेको तथा एउटै प्रकृतिका मालसामानलाई टुक्रा बनाई खरिदबापत देहायका भौचरबाट निम्नानुसार सामाग्री खरिदको रु.१९७०४००.० भुक्तानी दिएको नियमसम्मत नदिएको रु..

| **भौ.न./मिति** | **सप्लार्यसको नाम** | **सामाग्री** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २०७-०८०।३।१० | दक्षेप एग्रो प्रा.लि. विराटनगर | चापकटर- २७ थान | ९७२०००.० |
| १९७-०८०।२।२८ | माईपोखरी एग्रो मेशिनरी इलाम | पावर टिलर- ८ थान | ९९८४००.० |
| | | **जम्मा** | **१९७०४००.०** |

| | |
|---|---|
| अनियमित भएको | १९,७०,४०० |

७५

**कन्टिन्जेन्सी वढी खर्च- ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१२५८८४/- सम्परीक्षण गरिएको ।)**

७६

**असम्वन्धित खर्च - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.७५९३६/- सम्परीक्षण गरिएको ।)**

७७

**नर्म्स फरक पारी वढी भुक्तानी - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२६८९९५/- सम्परीक्षण गरिएको ।)**

७८

**नर्म्स फरक पारी वढी भुक्तानी ........... (प्रारम्भिक प्रतिवेदन असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु./- सम्परीक्षण गरिएको ।)**

७९ **सामग्री खरिद गरी साइटमा राखेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी

धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । जस अनुसार कार्यालयमा प्राप्त हुन आएको नगदी, जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुन्छ । यस पालिकाले लिलिखेत झोलुङ्गेपुलको निर्माण गर्न आवश्यक निर्माण सामग्री वोलपत्रको माध्यमवाट खरिद गरी रु२९६९८३५।०० वरावरका निम्न सामानहरु लिलिखेत झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई हस्तान्तरण गरी चित्रमा देखाइए जस्तै बारीको छेउमा कुनै सुरक्षाको व्यवस्था अवलम्वन नगरी यत्रतत्र राखेको पाइयो । यसरी खरिद जिन्सी सामान मौज्दातमा सुरक्षा व्यवस्था बेगर राखेकोले फलाम तथा स्टील जस्ता सामान खिया लागेर प्रयोग गर्न नमिल्ने अवस्था हुन सक्ने र गुणस्तरमा ह्रास आउन सक्ने देखिएकोले सुरक्षा व्यवस्था गरी सामान प्रयोगको सुनिश्चितता हुनुपर्ने देखिएको रु.

| क्रम संख्या | सामानको विवरण | एकाई | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | Steel Parts | kg | 6715.34 | 1074454.38 |
| २ | Steel Decks | kg | 3923.16 | 627705.59 |
| ३ | Timbles 32 mm | pc | 8 | 12000 |
| ४ | Bolts Nuts and Washers for deck | kg | 220.62 | 70598.4 |
| ५ | Bolts Nuts and Washers for tower | kg | 204.78 | 75768.6 |
| ६ | wiremesh Fence | m | 218 | 113360 |
| ७ | 12 SWG GI Wire for fixing Fence | kg | 10.9 | 1635 |
| ८ | Rethreading pin (M12) with Handle | set | 1 | 1000 |
| ९ | 50 mm Dia GI pipe | m | 210 | 183750 |
| १० | 2 " socket | pc | 21 | 13650 |
| ११ | 2" union | pc | 21 | 17850 |
| १२ | Hot Dip Galvanization | kg | 9495 | 370305 |
| १३ | Transportation Costs | kg | | 66095 |
| जम्मा | | | | 2628171.97 |
| मू अ कर समेतको जम्मा | | | | 2969835 |



| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,६९,८३५ |

८० **मूल्य समायोजनमा पेश्की कट्टा नगरी भुक्तानी** - सडक मातहत रहेका योजना तथा कार्यालयहरूको तालुक निकायको रुपमा रहेको विभागले निर्णय गरी लागू गरेका व्यवस्थाहरूको पालना गर्नुपर्दछ। सडक विभागले २०७०/४/२ मा तत्कालै देखि कार्यान्वयनमा ल्याउन गरेको परिपत्रमा मूल्य समायोजन सम्बन्धि विशेष शर्त तयार गर्दा दातृ निकायको लगानी रहेको आयोजनाहरूको लागि समेत रनिङ विलवाट मोविलाइजेसन पेश्की वापतको रकम घटाई कायम हुने विल रकममा मात्र मूल्य समायोजन वापतको रकम भुक्तानी दिन सकिने व्यवस्था राख्नुपर्ने गरी निर्देशन गरेको देखिन्छ। पेश्की उपलब्ध गराई नगद प्रवाह गरिएको आयोजनामा सो पेश्कीले धानेसम्म मूल्यवृद्धिको प्रभाव शून्य हुने सामान्य सिद्धान्त नै भएको र यसरी पेश्कीमा मूल्य समायोजन सिद्वान्तः अनुसार दिन नमिल्ने राज्यको निर्माण सम्वन्धि जिम्मेवार सरकारी निकायवाट परिपत्र समेत गरी देशभर सो विषयको अनुपालनामा निर्देशन समेत भएको अवस्थालाई मध्यनजर गरी सार्वजनिक खरिदमा आधिकारिक निकाय सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो ठेक्का सम्वन्धि कागजातमा सुधार गर्नपर्नेमा सो गरेको छैन । यस देउमाई नगरपालिकाको १५ शैयाको अस्पताल निर्माण गर्दा निर्माण व्यवसायी विकोई/खनाल जे.भी. लाई तेस्रो रनिङ विल भुक्तानी गर्दा भौ नं ६।२०८०।३।१८ मा प्रथम, दोस्रो र तेस्रो रनिङ विलको निम्न अनुसारको मूल्य समायोजन भुक्तानी गर्दा उक्त रनिङ विलहरुमा कट्टा भएको मोविलाइजेशन पेश्की रकम कट्टा नगरी भुक्तानी गर्दा राज्यलाई रु.९०२२९०।०० वढी व्ययभार पर्न गएको छ ।

| क्रम संख्या | IPC नम्वर | मू अ कर वाहेक विलको रकम | फछ्र्यौट भएको पेश्की रकम | मूल्य समायोजन फ्याक्टर | वढी व्ययभार परेको रकम |
|---|---|---|---|---|---|
| १ | प्रथम | २६२२६८०।५३ | २५०००० | १।१५३८ | ३८४५० |
| २ | दोस्रो | ७७४०२१७।५१ | ८००००० | १।१७२६ | १३८०८० |
| ३ | तेस्रो | १२७८२२७१।८५ | ३६००००० | १।२०१६ | ७२५७६० |
| जम्मा | | | | | ९०२२९० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१

**विजकभन्दा वढी भुक्तानी – ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२३१९५०/- सम्परीक्षण गरिएको ।)**

८२ **नगर सुरक्षित आवास कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । जस अनुसार कार्यालयमा प्राप्त हुन आएको नगदी, जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुन्छ । वोलपत्रको माध्यमवाट ३७५ वण्डल

जस्तापाता रु.३५५९५००।०० मा खरिद गरी स्वीकृत मापदण्डभित्र परेका विपन्न वर्गलाई प्रति परिवार अधिकतम ४ वण्डलसम्म उपलब्ध गराई निम्न तालिकामा देखाइए अनुसार ३६३ वण्डल जस्तापाता वितरण भई १२ वण्डल जस्तापाता मौज्दातमा रहेको देखिन्छ । यसरी खरिद गरी मौज्दात राखे परिपाटीको अन्त्य गरिनुपर्दछ ।

| **वडानं** | **जस्तापाताको खपत परिमाण (वण्डल)** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **६ फुट** | **७ फुट** | **८ फुट** | **९ फुट** | **१० फुट** | |
| १ | ८ | १३ | १२ | ५ | ६ | ४४ |
| २ | २७ | १० | १० | | | ४७ |
| ३ | १५ | १३ | १० | ६ | १२ | ५६ |
| ४ | १५ | २ | ९ | ११ | ११ | ४८ |
| ५ | ७ | १० | ८ | ९ | ६ | ४० |
| ६ | २ | ४ | ४ | ३ | ३ | १६ |
| ७ | २० | ६ | १० | | | ३६ |
| ८ | ७ | ११ | ८ | १२ | १० | ४८ |
| ९ | १२ | ६ | ४ | ४ | २ | २८ |

सैद्धान्तिक बेरुजु

८३ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट

सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित देहायका सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेकोले नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यस देउमाई नगरपालिकामा निम्न उपभोक्ता समितिले (अनुसूची ६ मा उल्लेख भएको) नियमावलीको उपरोक्त प्रावधान वमोजिम श्रममूलक कार्य मात्र सम्झौता गरी उपभोक्ता समितिवाट गर्न पाउने तथा मसिन प्रयोग गर्न नमिल्नेमा मसिनको प्रयोग गरी निर्माण व्यवसायीवाट कार्य गराएको पाइयो । यसरी निर्माण व्यवसयीवाट हेभि मेसिनको प्रयोग गरी सम्पन्न भएको रु.७२६७५१०।०० खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७२,६७,५१० |

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८४ **घटी निर्माण सामग्रीको विल पेश भएकोमा प्राविधिक मूल्यांकनले वढी खपत देखाएको - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१०७२२६/- सम्परीक्षण गरिएको ।)**

८५ **विल वेगर पिएस आइटमको रकम भुक्तानी - - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४५०००/- सम्परीक्षण गरिएको ।)**

८६ **हाटवजार, पसल, कर सवारी** - यस नगरपालिकाले कर तथा सेवा शुल्क असूलीमा न्यूनतम असूली हुने रु.२८,००,१११।०० कायम गरी आय अनुमान तय गरेको देखियो । यसरी आय अनुमान तयार गर्दा कुन आधारमा तय भएको हो सो को विवरण पेश भएन । वोलपत्रको माध्यमवाट खरिद प्रकृया अगाडी वढाई ३ वटा वोलपत्र परेकोमा सवैभन्दा वढी रु.२८००३१२।०० कवोल गर्ने श्री रुद्र वहादुर कटुवालको वोलपत्र स्वीकृत गरी रु.२८७८१५१।०० पालिकाको संचित कोष खातामा र मूल्य अभिवृद्धि कर वापतको रु.३२२१६१।०० राजश्व खाता नं ३३३१४ मा दाखिला गरेको भौचर पेश भएको छ । मूल्य अभिवृद्धि कर तथा आयकरमा दर्ता नभएका ३ वटा व्यक्तिहरुको वोलपत्र परेकोमा रुद्र वहादुर कटुवालको नाममा रसिद नियन्त्रण खाताको आधारमा सेवा शुल्क खरिदको रसिद नम्वर १ देखि १००० सम्म चौपाया निकासी कर १ देखि ८०० सम्म र वासको निकासी कर १ देखि ६०० सम्म गरी २४०० थान नगदी रसिद उपलब्ध गराएकोमा के कति संख्यामा प्रयोग भई कति रकम संकलन भयो सो विवरण पेश भएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **नदीजन्य पदार्थ संकलन** - २०७८ साल माघ महिनामा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार पुवाखोला र देउमाई खोलामा विभिन्न ४ वटा घाटवाट दैनिक १३०।५२ घन मिटर नदीजन्य वस्तुको संकलन गर्न सकिने र त्यस वापत वार्षिक रु.७२,८४,५०२।३९ राजश्व संकलन गर्न सकिने प्रक्षेपण गरिएकोमा यस वर्ष १ वटा घाट मात्र ठेक्का लागेको र त्यसवाट रु.७९७६३।०४ राजश्व संकलन भएको छ । यसरी वार्षिक राजश्व उठ्ने संभावित क्षेत्रको केवल १ प्रतिशत मात्र

राजश्व संकलन भएकोले पालिकाले आय आर्जन वढाउन पहल गर्नुपर्ने देखिन्छ ।

| क्रम संख्या | घाटको नाम | उठ्न सक्ने संभावित राजश्व | उठेको राजश्व |
|---|---|---|---|
| १ | हग्मामूल वडा नं २ देउमाई खोला | ६९११६।१८ | ७९७६३।०४ |
| २ | गजुरमूखी वडा नं ५ पुवा खोला | ४७११४९३।०४ | ० |
| ३ | फुटुक वार्ड नं ६ पुवा खोला | ४५६३३१।२५ | ० |
| ४ | कागुने वार्ड नं ७ माइखोला | २०४६५६१।९१ | ० |
| जम्मा | | ७२८४५०२।३९ | ७९७६३।०४ |

सैद्धान्तिक बेरुजु

८८ **राजश्व कारोबारको लेखा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.न. ९०४ साविक म.ले.प.फा.न. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा नगरपालिका तथा वडा कार्यालयवाट साप्ताहिक रुपमा मात्र दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानीमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८९ **वडाको आम्दानी** - पालिकाले पालिका तथा वडाहरुमा राजश्व संकलनको लागि सफ्टवेयर संचालन गरी सफ्टवेयरवाटै राजश्व संकलन गर्ने गरेको पाइयो । वडागत रुपमा सफ्टवेयरवाट उठेको आम्दानी तथा पालिकाले वडागत रुपमा उठेको राजश्व वैंक दाखिला भई आए पश्चात सुत्रमार्फत जनाएको आम्दानीको भिडान गर्दा पालिकाले सुत्रमा वडागत आम्दानी नजनाई राजश्व शिर्षकगत आम्दानी जनाएको पाइयो । यसले गर्दा वडागत रुपमा सफ्टवेयरमा देखिएको आम्दानी सुत्रमा दाखिला भए नभएको एकिन गर्न सकिएन । सुत्रमा वडागत रुपमा आम्दानी जनाउने फिचर नभएको कारण राजश्वको शिर्षकगत आम्दानी जनाएको पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

### संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | खान्द्रुङ मा वि को भवन निर्माण कार्यको लागि मिति २०७९।।१२।३० मा कार्य सम्पन्न गर्नेगरी २०७९।७।२४ मा निर्माण व्यवसायी देउमाई निर्माण सेवासँग रु.७०६८८५५।०० (मू.अ.कर समेत) को ठेक्का सम्झौता भएको पाइयो । उक्त भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा Plain Cement Concrete (PCC) in 1:1.5:3 ratio (M20) for RCC works in column, beam slab etc with approved quality of cement, sand and stone aggregate including mixing, laying, compacting and curing कार्यको नर्म्स फरक पारी लागत अनुमान तयार गरेको पाइयो । स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्दा उक्त कार्यको लागत ओभरहेड सहित प्रति घन मिटर रु.१८१८९।०० हुनेमा पालिकाले प्रति घन मिटर रु.२०४१४ कायम गरी वोलपत्र आव्हान गरेको पाइयो । बोलपत्र दाताको कबोल अंकको तुलना लागत अनुमानसँग हुने भएकोले बढी दरमा लागत अनुमान तयार हुँदा लागत बढ्न सक्ने देखिएकोले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्दछ । | 0.00 |

अनुसूचीहरू

*अनुसूची १ -*

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** देउमाई नगरपालिका, इलाम , देउमाई नगरपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि बहादुर दहाल | २०७९-३-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गजेन्द्र राज एक्तेन | २०७५-१२-७ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७८०,९६५ | २२,१३५,५३१ | ९,३१८,४१६ | ० | १३४,००० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३२,३६८,९१२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७,०७२,८५२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,२९६,०६० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९२५४२८०३.२२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६८३७३५४४.३९ | **चालु खर्च** | ४१६४०४४७८.३२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३१४५४३६६.४६ | **पूँजीगत खर्च** | २१५४१३४८१.६८ |
| **राजश्व बाँडफाँट** | ८९४८७४१२.५८ | **वित्तीय/अन्य व्यवस्था** | १९२६९३९३८.१४ |
| **आन्तरिक आय** | ३७३९०२२७.६२ | | |
| **अन्य आय** | २०११८५८६८.८३ | | |
| **कुल आय** | ८२७८९१४१९.८८ | **कुल खर्च** | ८२४५११८९८.१४ |
| **बाँकी मौज्दात** | | ९५९२२३२४.९६ | |

*बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण- अनुसूची-३*

| क्र.स. | विद्यालयको नाम | दरबन्दी | | | पदपुर्ती | | | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | राहत | स्थायी | करार | राहत | | |
| १ | भानुभक्त मा.वि. | १९ | १३ | ३ | १९ | १३ | ३ | ९०१ | २६ |
| २ | भगवती मा.वि. | ९ | २ | ५ | ९ | २ | ५ | २४७ | १५ |
| ३ | आदर्श सिद्ध आ.वि. | ६ | ० | १ | ६ | ० | १ | १०४ | १५ |
| ४ | महेन्द्रोदय आ.वि. | ७ | ० | १ | ७ | ० | १ | १२९ | १६ |
| ५ | जनकल्याण आ.वि. | ४ | १ | ० | ४ | १ | ० | ७९ | १६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | लक्ष्मी आ.वि. | ३ | ० | ० | ३ | ० | ० | ३३ | ११ |
| ७ | साब्जुङ आ.वि. | ४ | १ | १ | ४ | १ | १ | ४९ | ८ |
| ८ | भगवती आ.वि. | ५ | ० | ३ | ५ | ० | ३ | ११३ | १४ |
| ९ | सिद्धदेउमाई आ.वि. | ५ | ० | ० | ५ | ० | ० | ४५ | ९ |
| १० | सिहवसन्त आ.वि. | ४ | ० | २ | ४ | ० | २ | ५५ | ९ |
| ११ | कञ्चनजघा आ.वि. | २ | ० | ० | २ | ० | ० | २५ | १३ |
| १२ | नेत्रज्योति आ.वि. | २ | ० | १ | २ | ० | १ | ५८ | १९ |
| १३ | बाक्सिला आ.वि. | २ | ० | १ | २ | ० | १ | ५४ | १८ |
| १४ | जनकल्याण आ.वि. शान्तिडाँडा | १ | ० | ० | १ | ० | ० | २५ | २५ |
| १५ | सावित्रा देवी आ.वि. | १ | १ | १ | १ | १ | १ | २७ | ९ |
| १६ | जीतपुर मा.वि. | १९ | ३ | २ | १९ | ३ | २ | ६९३ | २९ |
| १७ | पञ्च मा.वि. | १० | ३ | ५ | १० | ३ | ५ | २६५ | १५ |
| १८ | खान्द्रुङ मा.वि. | १३ | २ | ३ | १३ | २ | ३ | ४९१ | २७ |
| १९ | देउराली आ.वि. | २ | ० | ० | २ | ० | ० | १९ | १० |
| २० | सहवीर आ.वि. | ३ | ० | ० | ३ | ० | ० | २३ | ८ |
| २१ | त्रिभुवन आ.वि. | ७ | ० | २ | ७ | ० | २ | १६३ | १८ |
| २२ | डम्वरदेवी मा.वि. | ८ | २ | ७ | ८ | २ | ७ | ३६१ | २१ |
| २३ | भानुदय आ.वि. | २ | ० | ० | २ | ० | ० | ७ | ४ |
| २४ | रुद्र आ.वि. | ६ | १ | ० | ६ | १ | ० | १०२ | १५ |
| २५ | जनता आ.वि. तालखर्क | ६ | १ | ० | ६ | १ | ० | ९० | १३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | सरस्वती आ.वि. | ३ | ० | २ | ३ | ० | २ | २६ | ५ |
| २७ | कमल देवी आ.वि. | ३ | ० | ० | ३ | ० | ० | २१ | ७ |
| २८ | गजुरमुखी आ.वि. | ५ | ० | ० | ५ | ० | ० | ७९ | १६ |
| २९ | पुवामाई आ.वि. | ४ | ० | २ | ४ | ० | २ | ८३ | १४ |
| ३० | सिंहदेवी आ.वि. फुटुक | ५ | ० | १ | ५ | ० | १ | ३१ | ५ |
| ३१ | नागेश्वरी आ.वि. | ५ | ० | ० | ५ | ० | ० | १२५ | २५ |
| ३२ | गम्भिरपोखरी आ.वि. | 3 | 0 | 0 | 3 | 0 | 0 | ३३ | ११ |
| ३३ | सुर्के आ.वि. | 2 | 0 | 0 | 2 | 0 | ० | ३० | १५ |
| ३४ | देउमाई आ.वि. | २ | ० | ० | २ | ० | ० | २९ | १५ |
| ३५ | जनश्रम आ.वि. | १ | ० | ० | १ | ० | ० | २१ | २१ |
| ३६ | सिंहदेवी आ.वि. महभीर | २ | ० | ० | २ | ० | ० | १९ | १० |
| ३७ | कन्काई आ.वि. | १ | ० | १ | १ | ० | १ | १८ | ६ |
| ३८ | जनता आ.वि. बरबोटे | १ | १ | ० | १ | १ | ० | २० | १० |
| ३९ | जनकल्याण आ.वि.जीतपुर | १ | ० | २ | १ | ० | २ | १४ | ५ |
| ४० | गोर्खे आ.वि. | ० | ० | १ | ० | ० | १ | १९ | १९ |
| ४१ | त्रिजुगा आ.वि. | ० | ० | १ | ० | ० | १ | ११ | ११ |
| ४२ | देविस्थान आ.वि. | २ | ० | ० | २ | ० | ० | ३८ | १९ |
| ४३ | सिंहदेवी आ.वि. साङ्गरुम्वा | १ | २ | ० | १ | २ | ० | ७९ | २६ |
| ४४ | सिद्धदेवी सरस्वती आ.वि. | २ | ० | ० | २ | ० | ० | १४ | ७ |
| ४५ | जनता आ.वि. खान्द्रुङ | ५ | १ | ० | ५ | १ | ० | ९९ | १७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | पञ्चकन्या मा.वि | ७ | २ | ३ | ७ | २ | ३ | १६४ | १४ |
| ५० | कालिका देवी आ.वि. | २ | १ | ० | २ | १ | ० | ४७ | १६ |
| जम्मा | | २०७ | ३७ | ५१ | २०७ | ३७ | ५१ | ५१७८ | १८ |

*बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण- अनुसूची-४*

**........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. ४३६६०।-सम्परीक्षण गरिएको ।)**

*बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण- अनुसूची-५*

| योजनाको नाम/ उपभोक्ता समितिको नाम | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानि कम | हेभि मेसिन विल रकम | फर्मको नाम |
|---|---|---|---|---|---|
| ५ नं. वडाका विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति | १७५००९४ | १७५२७८५ | १३,१८,०४१.०० | ५३८८०० | ओम हलेसि निर्माण सेवा |
| वडा नं. ४ को विभिन्न सडक मर्मत समिति | १००१२७९ | १००४६७३ | ७,२०,७८९.०० | २१८४०० | फेडेल कन्स्ट्रकसन प्रा.लि |
| सडक तथा खेल मैदान मर्मत समिति | १५०२२७८ | १५०२८९६ | ८,२८,८२२.०० | ६६८३५२ | चौबन्दि कन्सट्रक्सन र हामखिम निर्मान सेवा |
| वडा न. ८ वडा सडक मर्मत | १३००४३० | १३००४९९ | १३,८२,७९१.६१ | ४००८०० | पाथिभरा जननि कन्ट्रक्सन |
| वडाका विभिन्न बाटो मर्मत समिति देनपा ९ | १५९६६५० | १५५२३३ | ९,२९,८९६.०० | ३९४२०० | चौबन्दि कन्सट्रक्सन र हामखिम निर्मान सेवा |
| सडक मर्मत समिति देनपा ६, | १००००४८ | १००२०० | ७,६७,२२५.०० | ४७४००० | चौबन्दि कन्सट्रक्सन र हामखिम निर्मान सेवा |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. २ को सडक मर्मत संभार उस | १९३२७९४ | १९३२७९४ | १०,३५,३३०.०० | ६५०६८८ | फेडेल कन्स्ट्रकसन प्रा.लि |
| वडा नं. ७ सडक मर्मत संभार साबिक ४ ५ ६ ८ उस | ७०१६२६ | ७०१७५४ | ५,१०,१४८.०० | २९८८०० | पाथिभरा जननि कन्ट्रक्सन |
| वडा नं. ७ सडक मर्मत संभार साबिक १२३९ उस, देनपा ७ | ७००८२१ | ७०१६५३ | ५,१२,४१५.०० | १९५५७५ | सुभानि एण्ड सुभश्रि कन्स्ट्रक्सन |
| वडा स्तरीय सडक मर्मत उपभोक्ता समिति देनपा ३ | १५००९५६ | १५०१७९९ | १०,८९,८२५.०० | ७५८४०० | भुमिका कन्सट्रक्सन एण्ड सप्लायर्स |
| पिपलबोटे खेल मैदान | ५००००० | ५०६१८४ | ४,२३,५९४.०० | १९६८०० | फेडेल कन्स्ट्रकसन प्रा.लि |
| आम्बोटे किक्लुम्बा मदन चोक सडक निर्माण | ५०१९१३ | ५१८९८५ | ४,४६,२४०.०० | १२८४०० | फेडेल कन्स्ट्रकसन प्रा.लि |
| गाग्रेभञ्याङ फत्तेजुङ गल्छिडा सडक मर्मत समिति | ६००३६६ | ६०४३३३ | ५,२१,८३३.०० | ८४००० | फेडेल कन्स्ट्रकसन प्रा.लि |
| मूलडाँडा छेउघरेगाँउ नयाँ मोटरबाटो तथा स्तरोन्नती उपभोक्ता समिति | २००६०८ | २००९७१ | १,८१,०५३.०० | ८०४०० | हाङखिम निर्माण सेवा |
| मुलखर्क ओखाबोटे मोटर बाटो स्तर उन्नति | ५०७३९ | ५०८६१ | ४८,६७५.०० | २८९२० | एकता निर्माण सेवा |
| नामथला फुलवारी झिल्केगाउँ सिउरेनी सडक उपभोक्ता समिति | ४०२२०१ | ४०२९०५ | ३,५७,१२४.०० | १२२४०० | पाथिभरा जननि कन्ट्रक्सन |
| रेडक्रस राउत गाउँ हुँदै इनपा मोटर बाटो उस, | ५००९७ | ५०४६२ | ४८,७२५.०० | २८८०० | एकता निर्माण सेवा |
| वाफ्रुङ ओझेले सडक निर्माण उपभोक्ता समिति | २००००० | २०२८५९ | १,८१,१६७.०० | १०८८५० | एकता निर्माण सेवा |
| ठूलो लालिगुँरास मन्जले पर्यटकीय सडक मर्मत | १३१००० | १३२४२२ | १,१७,७०६.०० | ६७५०० | पाथिभरा जननि कन्ट्रक्सन |
| कभर्डहल सुर्के जोड्ने मोटरबाटो उपभोक्तम समिति | १२६२६९ | १३१६४२ | १,१२,९०७.०० | ६०६०० | फेडेल कन्स्ट्रकसन प्रा.लि |

| | | | | | |
|---|---|---|---|---|---|
| सिर्जनशिल स्कुल यातागाँउ सडक निर्माण उपभोक्ता समिति | ५००००० | ४८२३८८ | ४,२६,०६६.०० | २७८५०० | प्रजुल विल्डर्स |
| सिंहलप्पा टारी बेंसी जोड्ने सडक उस | १००६१७ | १०१६४३ | ९४०५९ | ३२४०० | प्रजुल विल्डर्स |
| डाँडा गाउँ मोटरबाटो निर्माण तथा स्तर उन्नति उस देनपा १ | १००६१२ | १०१२२८ | ९५,०९७.०० | ३८४०० | चौबन्दि कन्स्ट्रक्सन |
| आमबोटे किक्लुम्बा मदन चोक सडक निर्माण सडक बोर्ड | ११४३७८८ | ११४५१५६ | १०,०५,९४०.०० | ११५२०० | पाथिभरा जननि कन्ट्रक्सन |
| कटूवाल गाउँ मोबा विस्तार उस | ८०३५२ | ८०६५० | ७५,०९८.०० | ३९६०० | एकता निर्माण सेवा |
| पिडडाडा चिपचिपे गैरीगाउँ सडक उस | १२०१८६ | १२०५२१ | १,१२,६६५.०० | ५८००८ | एकता निर्माण सेवा |
| चमैता फलाटे सडक निर्माण उस देनपा १ | २०१३७७ | २०२३०६ | १,७८,२७३.०० | ७२००० | चौबन्दि कन्सट्रक्सन |
| गोलियाटार गङ्गी याकुले गाउँ होयाङ्मा निर्माण समिति | ५५१७६४ | ५५०९४२ | ४,९२,५८८.०० | २२२३६० | चौबन्दि कन्स्ट्रक्सन |
| आम्बोटे किक्लुम्बा मदन चोक सडक निर्माण | ५०१९१३ | ५१८९८५ | ४,४६,२४०.०० | १२८४०० | पाथिभरा जननि कन्ट्रक्सन |
| गोलियाटार गङ्गी याकुले गाउँ होयाङ्मा निर्माण समिति | ५५१७६४ | ५५०९४२ | ४,९२,५८८.०० | २२२३६० | चौबन्दि कन्सट्रक्सन |
| आमबोटे किक्लुम्बा मदन चोक सडक निर्माण सडक बोर्ड | ११४३७८८ | ११४५१५६ | १०,०५,९४०.०० | ११५२०० | पाथिभरा जननि कन्ट्रक्सन |
| वाफ्रुङ ओझेले सडक निर्माण उपभोक्ता समिति | २००००० | २०२८५९ | १,८१,१६७.०० | १०८८५० | एकता निर्माण सेवा |
| मूलडाँडा छेउघरेगाँउ नयाँ मोटरबाटो तथा स्तरोन्नती उपभोक्ता समिति | २००६०८ | २००९७१ | १,८१,०५३.०० | ८०४०० | हाङखिम निर्माण सेवा |

| | | | | | |
|---|---|---|---|---|---|
| खुन्द्रुके होमराज गोलाई सडक उपभोक्ता समिति | ५०००० | ५०६७६ | ४७,२६२.०० | १४०४० | एकता निर्माण सेवा |
| चमैता फलाटे सडक निर्माण उस देनपा १ | २०१३७७ | २०२३०६ | १,७८,२७३.०० | ७२००० | चौबन्दि कन्सट्रक्सन |
| पिङडाडा चिपचिपे गैरीगाउँ सडक उस | १२०१८६ | १२०५२१ | १,१२,६६५.०० | ५८००८ | एकता निर्माण सेवा |
| कटूवाल गाउँ मोबा विस्तार उस | ८०३५२ | ८०६५० | ७५,०९८.०० | ३९६०० | एकता निर्माण सेवा |
| ठूलो लालिगुँरास मन्जले पर्यटकीय सडक मर्मत | १३१००० | १३२४२२ | १,१७,७०६.०० | ६७५०० | पाथिभरा जननि कन्स्ट्रक्सन |
| जम्मा | | | | ७२६७५१० | |

*बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण- अनुसूची-६*

**.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८को निर्णयबाट रु.१०७२२६/- सम्परीक्षण गरिएको ।)**